अमरगढी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

डडेल्धुरा

प.स.०८१/०८२

च.नं.

फोन ०९६४१०२२२, ०९६४१००५२, ०९६४१००२२


# सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/११/ १५ गते

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुसँगको साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत अमरगढी नगरपालिका डडेल्धुरामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्दामा सहयोग तथा सहजिकरण, परामर्श सेवा, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरणक कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता भएकोले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग भए बमोजिमका विवरण र राजश्व तिरेको रसित निर्धारित दर्खास्त फारम भरि पेश गर्नुहुन सम्बन्धित सबैको जानकारिका लागी यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फारम कार्यालयको वेवसाइट **amargadhimun.gov.np** बाट समेत डाउनलोड गर्न सकिने छ।

१. विज्ञापन नम्बर. ०८/०८१/०८२

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०८/०८१/०८२ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाण पत्र वा १०+२ उतीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा **कम्तिमा तीन वर्षको कार्यानुभव** भएको।<br>स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई बिशेष प्राथमिकता दिईनेछ।<br>**दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको**<br>**प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।**<br>**कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको।**<br>नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने। |

**कार्य अवधि**: हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

**परिक्षाको किसिम** : लिखितअन्तवार्ता र प्रयोगात्मक ,)

**तलव तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार।**

**आवश्यक कागजातहरु** : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजक फोटो २ प्रति। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

छनौट प्रक्रिया:

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ।

**दरखास्त दिने अन्तिम मिति** : २०८०/११।२९ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा विदाक भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

दरखास्त दिने स्थान : अमरगढी नगरपालिका , नगरकार्यपालिकाको कार्यालय

आवेदनको दस्तुर : ४००

परीक्षा कार्यक्रम : पछी प्रकाशन गरिनेछ।

परीक्षाको पाठ्यक्रम : रोजगार प्रवर्धन कार्यक्रम / सुरक्षीत आप्रवासन (सामी) कार्यक्रमले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुने छ।

प्रमुख प्रशासकीय अधिकृ

प्रमुख प्रशासकीय अधिकृ